राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३


प.सं. ०८१/०८२
च.नं. ११६८

मिति: २०८१/८/३०

## उधौली पर्व र ज्यापू दिवस २०८१
## शुभकामना सन्देश

किराँत समुदायको महान् पर्व उधौलीको उपलक्ष्यमा राप्ती नगरवासी, स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।
उधौली पर्वको अवसरमा पितृ र प्रकृतिपूजक किराँत समुदाय भित्रका राई, लिम्बू, सुनुवार र याख्खाहरूले मनाउदै आइरहेका छन । विभिन्न जातजाति र समुदायको साझा फूलबारीको रूपमा रहेको नेपालमा उधौलीजस्ता चाडपर्वले नेपालीको साझा पहिचान कायम गर्नमा अहम् भूमिका निभाएको छ । उधौली पर्वले मानव जीवन र प्रकृतिबीचको अन्योन्याश्रित सम्वन्धलाई उजागर गर्नसमेत सहयोग गरेको गर्दछ ।

आज नेवार समुदायको महत्वका साथ मनाउनुहुने ज्यापू दिवस पनि हो । नेवारी समुदायमा मनाइने विशेष पर्व वा दिनको रुपमा यस दिवसलाई मनाइन्छ । यस दिनले (ज्यापु)नेवारी समुदायका कृषक र श्रमिक वर्ग को योगदानलाई सम्मान र कदर प्रकट गर्दछ। यो दिवस हरेक वर्ष मंसिर महिनामा, गठामुंगः चःरे पछि आउने ज्यापु पूर्णिमा का दिन मनाइन्छ। ज्यापु दिवसले नेवारी संस्कृति, परम्परा, र जीवनशैलीको महत्वलाई झल्काउँदै यसको मौलिकतालाई प्रर्दशन गर्दछ । ज्यापू संस्कृतिको रक्षार्थ विसं २०६१ साल वाट यस दिवस मनाउन थालिएको हो ।

राप्ती नगरपालिकामा रहनु भएका राई समुदाय, नेवार समुदाय प्रति उच्च सम्मान व्यक्त गर्दै, यस्ता चाडले इष्टमित्र तथा आफन्तबीच भेटघाट एवं मेलमिलापको अवसर समेत प्रदान गर्दछ । यसबाट पारिवारिक, सामुदायिक र सामाजिक एकता कायम राख्न महत्वपूर्ण योगदान रहन्छ । यस्ता चाडपर्वहरूबाट नेपालका विविध भूगोल, संस्कृति, जातजाति र भाषाभाषीका जनताबीच आपसी सद्भाव, सहिष्णुता र भ्रातृत्वको भावना अभिवृद्धि भई वृहत् राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन मद्दत पुग्ने मैले विश्वास लिएको छु ।

सम्पुर्णमा उधौली र ज्यापू दिवसको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
मिति : २०८१/०८/३०

शमशेर लामा
नगर प्रमुख



CamScanner